# बैठक संख्या १५

## मिति २०८३/०१/०९ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको पन्ध्रौं बैठकका प्रस्तावहरु

१. गाउँ कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्व स्वीकृती सम्बन्धमा ।
३. विषयगत समितिको क्रियाशिलता सम्बन्धमा ।
४. गाउँपालिका शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
५. चालु आ.व.०८२/०८३ मा उत्खनन् गरि घाट गद्दी हुने नदिजन्य पदार्थको बिक्री दर निर्धारण सम्वन्धमा ।
६. बालमैत्री वडा घोषणा कार्यक्रम सञ्चालन सम्बन्धमा ।
७. Local को योजना कार्यान्वयन सम्बन्धमा ।
८. फिजियो थेरापी सेवाको शुल्क सम्बन्धमा ।
९. कानून निर्माण सम्वन्धमा ।
    क) गढवा गाउँपालिकाको बालबालिका सम्बन्धी नीति २०८२ सम्बन्धमा
    ख) विपन्न नागरिक स्वास्थ्य वीमा कार्यविधि २०८२ निर्माण सम्बन्धमा ।
    ग) बालसंरक्षण सम्बन्धी नीति निर्माण सम्वन्धमा ।
१०. मस्यौदा समिति निर्माण सम्वन्धमा ।
११. अध्ययन पूर्वस्वीकृती र मनोनयन सम्वन्धमा ।
१२. विविध
    क) सेरामिक्स सम्बन्धी व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
    ख) नदीजन्य पदार्थ उपलब्ध गराउने सम्वन्धमा ।
    ग) नगरप्रहरीको प्रोत्साहन सम्वन्धमा ।
    घ) सटर भाडाको न्यूनतम मूल्याङ्कन सम्वन्धमा ।

## मिति २०८३/०१/०९ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

### निर्णय नं. १

यस गढवा गाउँपालिकाको मिति २०८२/१२/२० गते वसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

### निर्णय नं. २

नेपाल सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ जारी गरेको, उक्त मापदण्डको परिच्छेद दुईको दफा ५ को उपदफा ३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपूर्व गाउँ कार्यपालिकाबाट पूर्व स्वीकृत लिनु पर्ने र दफा १० को उपदफा ६ मा साठी दिन भित्र संगठन तथा व्यवस्थापन गरी आफ्नो समग्र संगठन संरचना र दरबन्दीमा आवश्यक पुनरावलोकन गर्नु पर्नेछ भनि

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

उल्लेख भएको हुँदा पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गढवा गाउँपालिकामा रहेका गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुले उल्लेखनीय कार्यसम्पादन गर्दै आइरहेकोमा आउँदा दिनहरुमा अझ सक्रिय रुपमा कार्य गर्नका लागि विषयगत समितिका निर्णयहरु कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मितिबाट २०८२/१२/२८ गतेको निर्णयहरु सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चालु आ.व. ०८२/०८३ मा उत्खनन् गरि घाट गद्दी हुने नदिजन्य पदार्थको बिक्री दर रोयल्टी रु.९.४ र घाटगद्दी खर्च रु ६.३२ गरी जम्मा प्रति क्यू फिट रु.१५.३६ कायम गरी बिक्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गढवा गाउँपालिका अन्तर्गतका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने कार्यक्रमको प्रक्रिया वडा नं. ३ बाट शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मिति २०८२/१०/२५ गते गाउँ कार्यपालिकाको निर्णय नं. २ मा LOCAL अन्तर्गत योजना/कार्यक्रम छनौट भई लागत अनुमान र सम्भाव्यता अध्ययन गरी आगामी बैठममा पेश गर्ने गरि निर्णय भएकोमा लागत अनुमान र सम्भाव्यता अध्ययन गरि प्राविधिकले पेश गरेको प्रतिवेदन समेतको आधारमा देहाय बमोजिमका लागत अनुमान भएका योजना/कार्यक्रम स्वीकृत गरि सम्भव भए सम्म उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजना/कार्यक्रम | हार्डवयर रकम | सफ्टवयर रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | Construction of Dhodre Drinking Water Supply System Gadhawa 1 | 2300741.051 | 430000.00 | 2730741.05 |
| २ | Construction of Drinking Water Supply Badahara Gadhawa 1 | 6403873.463 | 470000.00 | 6873873.46 |
| ३ | Construction and Management of Drinking Water Supply Systems in Chimchime Village (schem 1-2) Gadhawa 2 | | | |
| | Scheme1 | 4288391.49 | 265000.00 | 4553391.49 |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | Scheme2 | 4223394.36 | 265000.00 | 4488394.36 |
| ४ | Construction of Drinking Water Supply System in Salbhauri Naka Gadhawa 2 | 6917150.85 | 485000.00 | 7402150.85 |
| ५ | Construction of Drinking Water Supply in Thulichaur Gadhawa 5 | 5291709.21 | 485000.00 | 5776709.21 |

**निर्णय नं. ८**

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/१२/२० गतेको बैठकले गोबरडिहा आयुर्वेद औषधालयबाट दिइने फिजियो थेरापी सेवाको शुल्क प्रति पटक प्रति व्यक्ति रु.१०० कायम गर्ने निर्णय भएकोमा विपन्न लाभग्राहीलाई मध्यनजर गर्दै मिति २०८२ वैशाख २० गतेबाट लागू हुने गरि प्रति पटक प्रति व्यक्ति रु.५० (अक्षेरुपीः पचास रुपैयाँमा मात्र ।) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तपसिल बमोजिमको कानूनको आवश्यकता भएकोले मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) गढवा गाउँपालिकाको वालबालिका सम्बन्धी नीति २०८२ सम्बन्धमा
ख) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यविधि २०८२ निर्माण सम्बन्धमा ।
ग) वालसंरक्षण सम्बन्धी रणनीति निर्माण सम्बन्धमा ।

**निर्णय नं. १०**

वालबालिका सम्बन्धी रणनीति निर्माण लागि तपसिल बमोजिमको ३ सदस्य मस्यौदा समिति निर्माण गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) सहायक प्रशासकीय अधिकृत | भरत के.सी. | संयोजक |
| ख) सहायक आ.ले. अधिकृत | कृष्ण प्रसाद पौडेल | सदस्य |
| ग) महिला विकास निरीक्षक | प्रेरणा चन्द | सदस्य सचिव |

**निर्णय नं. ११**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मानव संसाधन योजना शाखाको मिति २०८२/१२/२६ पत्रानुसार चीन सरकारवाट Master/Ph.D. Degree अध्ययन छात्रवृत्ती कार्यक्रमका लागि यस पालिकालाई थप आर्थिक दायित्व श्रृजना नहुने गरी गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत तपसिल वमोजिमका कर्मचारीको अध्ययन पूर्वस्वीकृती र मनोनयनका लागि अर्थ मन्त्रालयको अन्तराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम थर | पद तह | सेवा समूह |
|---|---|---|---|
| १. | भिमकान्त भण्डारी | प्राविधिक अधिकृत, छैंठो | इन्जिनियरङ्ग |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ

**निर्णय नं. १२ विविध :-**

क) आ.व.०८२/०८३ मा गढवा गाउँपालिकाले सेरामिक्स सम्बन्धी व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रममा (रातो बुक सि.नं. ८४) बजेट विनियोजन गरेकोमा उक्त छात्रवृत्तिको लागि विगत आ.व. मा छनौट भएका विद्यार्थीलाई दिँदै आएको छात्रावृत्तिलाई यस बर्ष पनि निरन्तरता दिने र सेरामिक्स सम्बन्धी स्थानीय पाठ्यक्रम बमोजिम पठनपाठनको लागि आवश्यक उपकरण विद्यालयहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

ख) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १२ को उपदफा (१) मा ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवा नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था भए बमोजिम सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना लमही दाङ्गको च.नं. ४२६ मिति २०८२/१२/१० पत्रबाट १२५०० घ.मि. नदिजन्य पदार्थ उपलब्ध गराउन अनुरोध भई आएको हुँदा गढवा गाउँपालिका वडा नं. ७ स्थित झारबैरा घाट क्षेत्र नं. १ बाट नियमानुसारको रोयल्टी लिई उपलब्ध गराउने र MCA Nepal द्वारा सञ्चालित धानखोला लमहि सडक निर्माण आयोजनाबाट अनुरोध भई आएकोमा आवश्यक परिमाणको नदिजन्य पदार्थ आ.व.०८०/०८१ मा खैराघाटबाट घाटगद्दी गरी राखिएको २८८०० घ.मि. र चालु आ.व. मा IEE स्वीकृती भई उत्खनन् अनुमति प्राप्त भएको वडा नं. ३ स्थित रतनपुरघाटबाट २०००० घ.मि. नदिजन्य पदार्थ नियमानुसारको राजस्व (रोयल्टी) लिई उपलब्ध गराउने निर्णय गरियो ।

ग) नदीजन्य पदार्थको उत्खननको चोरी निकासीमा नगर प्रहरी बिहान देखि घाटहरुमा खिटिने हुँदा खटिने दिनमा प्रति दिन प्रति व्यक्ति खाना र खाजा बाफत रु.३०० (अक्षेरुपी : तीन सय रुपैया मात्र) दरले प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

घ) ६ नं. वडा कार्यालय परिसरमा रहेका ११ वटा सटर कोठाको न्यूनतम घरभाडा प्रतिकोठा रु.८००० को दरले जम्मा रु.८८,०००।– (अक्षेरुपीः अठासी हजार रुपैयाँ मात्र ।) कायम गरी २०८३ श्रावण देखि लागु हुने गरि भाडामा दिनको लागि आय ठेक्का आह्वान गर्ने निर्णय गरियो । साथै हाल सम्म उक्त सटरहरुबाट भाडा असुल बाँकी रहेको भएमा असुल उपर गरी कोठा खाली गर्ने ६ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्छु ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष